**Nepalese Culture**
**Vol. 19 : 173-190, 2026**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/nc.v19i01.95024

# काठमाडौँ स्वयम्भू स्थित हारती माता मन्दिरसँग सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदा

**स्वीटी मानन्धर**[१]
Email: swetymanandhar23@gmail.com

**Received Date: April 09, 2026; Accepted Date: May 11, 2026; Published on: June 1, 2026**
**Copyright: @CDNeHCA, Tribhuvan University**

## लेखसार

बौद्ध तथा हिन्दू धर्मावलम्बीहरूको लागि स्वयम्भू एउटा महत्त्वपूर्ण धार्मिक स्थल हो । स्वयम्भू परिसरमा प्राचीन कालदेखिका थुप्रै मठ मन्दिर, स्मारक, अभिलेख आदि रहेका छन् । त्यस्ता मन्दिरमध्ये हारती माताको मन्दिर ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण स्थल हो । हारती र शीतला दुवैलाई उपत्यकाका हिन्दू र बौद्ध धर्मावलम्बीहरुले एउटै देवीको रूपमा पूज्ने गरेका छन् । यस मन्दिरमा हुने पूजा, अनुष्ठानले धार्मिक सहिष्णुतालाई बलियो बनाएको छ । यस किसिमका अमूर्त संस्कृतिले नेपाली समाजलाई सामाजिक तथा सांस्कृतिक रूपमा बाँधेको छ । हारती माता मन्दिरमा हुने नित्यपूजा, चा पूजा, कलः पूजा, कैद्यःपूजा, त्वाय् चिंकेगु, छाहाय्के पूजा, मचा पूजा, भुजा चढाउने गुठी, झ्या गुठी, दँ पाः गुठी, म्ह्याय्मचा बुसाधँ, अजिमा बुसाधँ जस्ता धार्मिक तथा सांस्कृतिक अनुष्ठानको बारेमा विस्तृत रूपमा उल्लेख नभएको हुनाले यस लेखमा समस्याको रूपमा प्रस्तुत गरिएको हो । हारती माता मन्दिरमा रहेका अमूर्त संस्कृतिलाई उजागार गर्ने उद्देश्यले यो अनुसन्धानात्मक लेख तयार पारिएको हो । यो लेख प्राथमिक र द्वितीयक स्रोतमा आधारित रही वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा तयार पारिएको छ । प्रस्तुत लेखमा प्राथमिक स्रोत सङ्कलनको लागि सम्बन्धित स्थानको स्थलगत अवलोकन र अन्तर्वार्ताको उपयोग गरिएको छ । तथ्याङ्क सङ्कलन गर्दा स्वविवेक, उद्देश्यपूर्ण र सुविधाजनक विधि प्रयोगमा ल्याइएका छन् । पुस्तक, लेख, रचना, वंशावली, जर्नल, विभिन्न पत्रपत्रिका, वेवसाइट, पुरातात्त्विक प्रकाशित अभिलेख, शोधपत्र, प्रकाशित/अप्रकाशित लेखरचना आदिलाई द्वितीयक स्रोतको रूपमा समावेश गरिएको छ । बौद्ध धर्मअन्तर्गत हारती माता लोकप्रिय देवी हुन् ।

१ स्वीटी मानन्धर उत्साही, अनुसन्धानशील तथा नेपाली संस्कृति र इतिहासप्रति गहिरो समर्पण राख्ने अध्येता हुन् । उनले सन् २०२५ मा नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा स्नातकोत्तर उत्तीर्ण गरेकी छिन् । उनी हाल बौद्ध अध्ययनमा अर्को स्नातकोत्तर गर्दै छिन् । उनको मूल रुचि नेपाली संस्कृतिको अनुसन्धान र अध्ययन हो । उनी व्यवसायी हुँदै सांस्कृतिक अध्येता र अनुसन्धानकर्ताको भूमिका पनि सक्रिय रूपमा निर्वाह गर्दछिन् ।

उनलाई बुद्धको समकालीन मानिन्छ । उनी बौद्ध धर्ममा बालबच्चाको रक्षा गर्ने देवी हुन् । यस मन्दिरमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुबीच धार्मिक सहिष्णुता, सामाजिक मेलमिलाप रहेको पाइन्छ ।

**शूत्रशब्द :** हारती, अजिमा, छाहाय्के पूजा, बुसाधँ पूजा, यक्षिणी

## परिचय

काठमाडौं उपत्यका विश्व सम्पदा क्षेत्रमा युनेस्कोद्वारा सूचीकृत ७ वटा स्मारक क्षेत्रहरु छन् । त्यस्ता क्षेत्रहरूमध्ये स्वयम्भू पनि एक हो । काठमाडौं महानगरपालिका वडा नं. १५ अन्तर्गत रहेको स्वयम्भू परिसरमा पञ्चपुरका साथै थुप्रै लिच्छविकाल र मध्यकालका चैत्य, विहार, विभिन्न देवीदेवताका मूर्ति रहेका छन् । यसै परिसरमा स्वयम्भू महाचैत्यको उत्तर पश्चिममा नेपाली छाने शैलीमा निर्माण गरिएको सुनौलो रङको दुई तल्ले मन्दिर छ । यो यस क्षेत्रको एकमात्र नेपाली छाने शैलीको देवस्थल हो । यस मन्दिरको गर्भगृहमा आफ्ना पाँचजना सन्तानसहित दक्षिणाभिमुख हारती माताको मूर्ति प्रतिष्ठापन गरिएको छ ।

नेपालमा हारती मातालाई अरू मातृका जत्तिकै अपार श्रद्धाले मान्दछन् । महायान र वज्रयान संस्कृतिमा निकै प्रचलित देवी हारती माताले नेपालमा धार्मिक सहिष्णुताको प्रतिनिधित्व गरेकी छन् । हारती मातालाई नेवार बौद्धमार्गीहरूले *हारती अजिमा* वा *अजिमा* मात्र भन्ने परम्परा छ । नेवारहरूका बीचमा अजिमा, हिन्दूहरूका बीचमा शीतला देवी र बौद्धहरूका बीचमा हारती भनी प्रख्यात बिफर रोगकी डरलाग्दी देवी बालबच्चाकी देवी हुन् (बाङ्गदेल, २०३९, पृ. ४२) ।

नेपालमा यिनको पूजा अजिमाको रूपमा ठूलो भक्तिभावले बालबालिकाहरूको रक्षा गर्ने देवीका रूपमा गर्ने परम्परा छ । बौद्ध धर्मको महायानी परम्परा अनुसार हारती माताको पूजा गरिन्छ । यस मन्दिर भित्रकी देवी आफ्नै शरीरमा दायाँ बायाँ गरी पाँचवटा बालमूर्ति लिएर बसेकी छन् (प्रधान, वि.सं. २०६८, पृ. २०) । धनभाजु, धनमय्जु, वासिंभाजु, वासिंमय्जु, जिलंभाजु देवीले लिएका बालक हुन् । कालो ढुङ्गाको नारी मूर्ति रणबहादुर शाहले वि.सं. १८५६ पछि बनाएका थिए (वज्राचार्य, २०६६, पृ. ३४) । यो मन्दिर कहिले बन्यो भन्ने कुनै प्रमाण उपलब्ध छैन तर वर्तमान मन्दिरको शैली पूर्व मल्लकालको हो । मन्दिरको गजूर गीर्वाणयुद्ध विक्रम र रानी सुवर्णप्रभाबाट वि.सं. १८५८ मा राखिएको थियो (वज्राचार्य, २०६६, पृ. ३२) ।

नेपालमा विहार बनाउँदा हारती स्थापना गर्नु पर्दछ । नेपालको सबै जस्तो विहारमा हारती थापना गरेको पाइन्छ । त्यसैले स्वयम्भू, श्रीःघमा मूर्ति नै बनाएर थापना गरिएको हो । अन्य ठाउँमा कतै ढुङ्गा, कतै काचो ईंटा, कतै किल्ला ठोकेर, कतै पात्र, कतै *ग्वाखंप्वा* (सानो प्वाल)को रूपमा थापना गरिएका हुन्छन् । यो विषय क्रियासंग्रहको पञ्चिकाको आठौं प्रकरणमा उल्लेख गरीएको छ (वज्राचार्य, २०५८, पृ. २६) ।

स्वयम्भू स्थित हारती माताको अमूर्त सांस्कृतिक सम्पदामा नित्यपूजा, *चापूजा, कलः पूजा, कैद्यःपूजा, त्वाय् चिंकेगु, छाहाय्के पूजा, मचा पूजा,* भुजा चढाउने गुठी, *झ्या गुठी, दँ पाः गुठी, म्ह्याय्मचा बुसाधँ, अजिमा बुसाधँ* जस्ता अनुष्ठान समाविष्ट हुन्छन् ।

तुलाधर (२०६४) का अनुसार बौद्ध देवताहरूमध्ये हारती सबैभन्दा लोकप्रिय देवता हुन् । हारतीलाई एशियाभरि भाग्य, प्रजनन क्षमता र रोगहरूबाट बच्चाहरूको रक्षकको रूपमा चिनिन्छ । विभिन्न देशहरूमा उनलाई फरक-फरक नामले बोलाउने गर्दछ । नेपालमा अजिमा, भारतमा अभिरती, चीनमा हुआहसी वा गुआन यिन र जापानमा किशिमोजिन नामले हारती मातालाई सम्बोधन गर्ने गरिन्छ भनेर उल्लेख गरेका छन् । त्यस्तैगरी, Josephson (1985) ले स्वयम्भू स्तुपको बारेमा विस्तृत रूपमा उल्लेख गरेका छन् । स्वयम्भू स्थित हारती माता मन्दिरको बारेमा पनि उल्लेख गरेको पाइन्छ । उनले हारती माता मन्दिरको वास्तुकला प्यागोडा शैलीमा दुई तल्ले रहेको उल्लेख गरेका छन् । यस मन्दिरका छानाहरु सुनले मोलम्बा गरिनुका साथै जटिल काष्ठकलाको प्रर्दशन गरेको पाइन्छ । उक्त मन्दिरमा विभिन्न बौद्ध देवदेवीहरु पनि अंकीत गरिएको छ, जसले गर्दा मन्दिर आकर्षक देखिएको उल्लेख गरेका छन् ।

हारती माता मन्दिरको सांस्कृतिक सम्पदामा यस अघि भएका अध्ययन अनुसन्धान कार्यहरुको समीक्षा गर्दा हारती माताको ऐतिहासिकता, मूर्त सम्पदा र अमूर्त सम्पदाको बारेमा जानकारीमूलक कार्यहरु भएको देखिन्छ । अमूर्त संस्कृतिअन्तर्गत नित्य पूजा, नैमित्तिक पूजा, वार्षिक पूजा आदिको बारेमा विस्तृत रूपमा कसैले पनि अध्ययन नगरेको हुँदा यस अनुसन्धानको उद्देश्य सान्दर्भिक र औचित्यपूर्ण देखिएको छ । हारती माता मन्दिरको अमूर्त सांस्कृतिक सम्पदाको विस्तृत रूपमा अध्ययन गर्नु लेखको प्रमुख समस्याको रूपमा लिइएको छ । नित्य पूजा, नैमित्तिक पूजा, वार्षिक पूजा तथा अनुष्ठानहरूको बारेमा विस्तृत रूपमा अध्ययन गर्ने उद्देश्य राखिएको छ । हारती माता मन्दिरसँग सम्बन्धित अमूर्त संस्कृतिलाई उजागार गर्ने उद्देश्यले यस अनुसन्धानात्मक लेख तयार पारिएको हो ।

## अध्ययनको उद्देश्य

- स्वयम्भू स्थित हारती माता मन्दिरको अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन गर्नु
- स्वयम्भू स्थित हारती माता मन्दिरको अमूर्त सांस्कृतिक सम्पदाको विधिको खोजी गर्नु
- स्वयम्भू स्थित हारती माता मन्दिरको अमूर्त सांस्कृतिक सम्पदाको महत्त्व उजागर गर्नु

## अनुसन्धान विधि

प्रस्तुत लेख हारती माताको सांस्कृतिक अध्ययन गर्ने क्रममा सङ्कलित सबै स्रोत सामग्रीलाई वर्णनात्मक तथा विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ । यस लेखमा गुणात्मक तथ्यको आधारमा आगमनात्मक ढाँचामा निष्कर्ष निकालिएको छ । यो प्राथमिक र द्बितीयक स्रोतमा आधारित लेख हो । प्रस्तुत लेखमा प्राथमिक स्रोत सङ्कलनको लागि सम्बन्धित स्थानको स्थलगत अवलोकन र अन्तर्वार्ताको उपयोग गरिएको छ । तथ्याङ्क सङ्कलन गर्दा स्वविवेक, उद्देश्यपूर्ण र सुविधाजनक विधि प्रयोगमा ल्याइएका छन् । हारती माताको ऐतिहासिकता र अमूर्त संस्कृतिसँग सम्बन्धित पूर्ववर्ती लेखकहरूद्वारा लेखिएका पुस्तक, लेख, रचना, वंशावली, जर्नल, विभिन्न

पत्रपत्रिका, वेवसाइट, पुरातात्विक प्रकाशित अभिलेख, शोधपत्र, प्रकाशित/अप्रकाशित लेखरचना आदिलाई द्वितीयक स्रोतको रूपमा समावेश गरिएको छ ।

## हारतीमाता

स्वयम्भू स्थित हारती माताको अमूर्त सांस्कृतिक सम्पदामा नित्य पूजा, नैमित्तिक पूजा, भाकल पूजा, *बुसाधँ पूजा,* सम्यक् दान, गुठी परम्परा आदिको पूजा परम्परागत रूपमा हुँदै आइरहेको छ । यस मन्दिरमा भाकल पूजा अन्तर्गत *छाहायूके पूजा* बाहेक बाँकि सबै पूजाहरू स्वयम्भू परिसरमा बसोवास गर्ने बुद्धाचार्यले मात्र गर्ने गर्दछन् । यस्ता नैमित्तिक पूजाहरू हारती मातालाई प्रमुख मानेर गरिने गरिन्छ ।

## मूल प्राप्ति

उल्लिखित विषयलाई मूलप्राप्तिका रुपमा विभिन्न उपशीर्षकअन्तर्गत निम्नानुसार प्रस्तुत गरिएको छ ।

बौद्ध धर्मअन्तर्गत हारती माता सबैभन्दा लोकप्रिय देवी हुन् । उनलाई बुद्धको समकालीन मानिन्छ । उनी बौद्ध धर्ममा बालबच्चाको रक्षा गर्ने देवी हुन् । उनको बारेमा विभिन्न बौद्ध ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । यिनलाई नेपालमा अजिमा, भारतमा अभिरती, चीनमा हुआहसी वा गुआन यिन र जापानमा किशिमोजिन नामले चिन्ने गरिन्छ (Tuladhar, 2064 p. 40) ।

विभिन्न देशहरूमा पाइने हारतीको किंवदन्तीमा स्थानीय परम्परा र मिथकहरू सम्मिलित रहेका पाइन्छन् । किंवदन्तीको बारेमा अलग-अलग मिथकहरू रहेता पनि बुद्धले हारतीलाई प्रेम र शान्तिको मार्ग अपनाउन राजी बनाएको आधारभूत कुरा एउटै रहेको छ । हारतीको विवाह कुबेरको राज्यमा काम गर्ने पाञ्चिक नामको यक्षसँग भएको थियो । वैवाहिक जीवनको क्रममा यिनी पाँच सय बच्चाकी आमा बनिन् । बच्चाहरूको पालनपोषणको निमित्त आफ्नो माइती राजगृहमा आइन् । अर्काका बच्चाहरू हरण गरी आफ्ना सन्तानहरूको पालनपोषण गर्न तिर लागेपछि यिनी अभिरतीबाट हारती यक्षिणीको रूपमा प्रख्यात भइन् (वज्राचार्य, २०६६, पृ. १) ।

श्रीस्वयम्भू महाचैत्यमा उल्लेख भएअनुसार हारतीले बुद्ध शासनको रक्षा गर्न सँधै स्वयम्भूमा बस्ने अभिलाषा व्यक्त गरेकी थिइन् । उनको इच्छाअनुसार बुद्धले पनि बुद्ध शासनको संरक्षिका भएर बालबालिकालाई दया माया र रक्षा गरेर बस्न अनुमति दिएका थिए (शाक्य, ने.स.१०९८, पृ. ७६) । हारती मातालाई बुद्धशासन बिगार्न खोज्नेहरूको दमन गर्ने अभिभारा बोकेकी धर्मपालको रूपमा पनि लिने गरेको पाइन्छ । कालान्तरमा हारतीसम्बन्धी विभिन्न जनधारणाहरू पनि बन्दै गए ।

हारतीका सम्बन्धमा पञ्चरक्षासूत्र, महावंश, स्वयम्भूपुराण, अवदानकल्पलता आदि ग्रन्थहरूमा उल्लेख पाइन्छ । थेरवाद बौद्ध धर्म मान्ने देशमा हारतीको बारेमा उल्लेख पाइँदैन । यद्यपि, श्रीलङ्कामा लेखिएको बौद्ध ग्रन्थ महावंशमा काश्मीर गान्धारमा हारतीको अभिषेकको बारेमा उल्लेख गरेको पाइन्छ (Tuladhar, 2064, p. 41) ।

पञ्चरक्षा महामायुरी ग्रन्थमा हारतीलाई कुबेरको सेनापति पाञ्चिककी पत्नीका रूपमा चित्रण गरिएको छ । कुबेरको २८ जना सेनापतिहरूमध्ये १७ औं स्थानको सेनापति पाञ्चिक थिए । त्यस्तै, कुबेर कहाँ काम गर्ने यक्षिणीहरूमध्ये हारतीलाई पाँचौं क्रममा राखिन्छ (बुद्धाचार्य, २०८०, पृ. १५) ।

अशान्ति, रोग, भयबाट टाढा हुनका लागि 'पञ्चरक्षा'को पाठ गर्ने चलन बौद्ध समुदायमा हालसम्म छ । बौद्धहरूको घर-घरमा, विहार मन्दिरहरूमा यसरी पाठ गर्दा सकल प्राणीहरूको रक्षा हुने विश्वास गर्दछन् । भारतवर्ष तथा नेपालमा प्राचीन कालदेखि नै हारतीको उपासना गर्ने परम्परा रहेको पाइन्छ । कुषाणकालअन्तर्गत विकसित गान्धार कलामा बुद्ध, बोधिसत्वको मूर्तिको साथसाथै जाम्बल, कुबेर, मैत्रेय तथा हारतीको मूर्ति बनाउने परम्परा विकास भयो । यस क्रममा यिनका धेरै प्रतिमा बनेका छन् (खनाल, २०८२, पृ. ४०) ।

हारतीका प्राचीन मूर्तिहरू पश्चिमी पाकिस्तानको गान्धार प्रान्तमा पाइन्छन् । गान्धारकलामा हारतीलाई प्रायः काखमा एउटा बालक लिएकी अथवा कतैकतै धेरै केटाकेटीलाई वरिपरि राखेर एउटा सानो नानीलाई दूध खुवाउन लागेकी नारीको रूपमा देखाइएको पाइन्छ । तिनका साथमा सधैं तिनका पति पाञ्चिक पनि देखिन्छन् (बाङ्गदेल, २०३९, पृ. ६४) । कुषाणकालमा विकसित भएका मथुरा कलाशैलीमा हारतीलाई कुबेरका साथमा लक्ष्मीसँगै बसेको अवस्थामा वा काखमा बच्चा लिएका रूपमा पनि पाइन्छ (खनाल, २०७४, पृ. १२१) ।

काठमाडौं उपत्यकाका स्थानीय बासिन्दाहरू हारतीलाई अजिमा, हारती माजु, मयुजुदेवी, हारती महायक्षिणी, हारती वज्रयक्षिणी, शीतला *माजु,* स्वयम्भू संरक्षिका धर्मपाली, *धाक्वसिक्वमा:, मचाप्यासी* पनि भन्ने गर्दछन् (वज्राचार्य, २०५८, पृ. ८) ।

महायानी बौद्ध साहित्यहरूमा बुद्धले यक्षिणीलाई आफ्नो नियन्त्रणमा लिई रक्षिकाका रूपमा परिणत गरे भन्ने विषयमा एकरूपता पाइए तापनि बुद्धले लुकाएका हारतीको मनपर्ने बच्चाको नामको सम्बन्धमा भने विभिन्न ग्रन्थमा भिन्नता पाइन्छन् । 'हारती कल्पावदान'मा बच्चाको नाम प्रियंकर दिइएको छ । 'श्री स्वयम्भू महाचैत्य'मा छोरा नभई छोरीको नाम आनन्दा दिइएको छ । बद्रीरत्न वज्राचार्यद्वारा सम्पादित 'हारतीकावदान कथा'मा छोराको नाम धनभाजु उल्लेख भएको छ । यो नाम वज्राचार्यद्वारा मात्रै उल्लेख भएको नभई हारतीको स्तोत्रहरूमा नेपाली रचनाकारहरूले स्थानीयकरण गरी उल्लेख गरेको पाइन्छ (वज्राचार्य, २०६६, पृ. १५) ।

## स्वयम्भू स्थित हारती माता

स्वयम्भू स्थित हारती माता मन्दिरको इतिहास स्पष्ट रूपमा भन्न सक्ने अवस्था छैन । स्वयम्भू पुराणअनुसार शान्तिकाचार्यले हारती माताको मन्दिर स्थापना गरेको बुझिन्छ । हारतीका अवधारणा र मूर्तिहरू कति पुरानो भन्ने प्रमाणित गर्ने साहित्यिक आधारहरू बाहेक प्रमाणित इतिहास भेटिएको छैन । उपत्यकाका सबैभन्दा महत्त्वपूर्ण र प्रख्यात हारती स्वयम्भूकी हारती हुन् । स्वयम्भू चैत्यको वायव्य कोणमा अवस्थित दुई तल्ले हारतीको मन्दिर तल्ले छाने शैलीमा बनेको छ । उक्त मन्दिर कहिले बन्यो भन्ने कुनै ठोस प्रमाण प्राप्त हुन सकेको छैन । हारतीलाई रक्षिका देवीको रूपमा लिपिबद्ध गरिएको 'पंचरक्षा' ग्रन्थमा पाइन्छ । मूर्तिहरू भने

तेस्रो शताब्दीदेखि नै पाइएका हुन् । बालाजुको हारती तेस्रो शताब्दीमा निर्माण गरिएको हो (बाङ्गदेल, २०३९, पृ. ६६) ।

नेपालमा हारतीको अवधारणाको विकास भएको समय देखि नै हारतीसँग पाँच सय सन्तान पनि छन् भन्ने विश्वास गरिदै आएको छ । अतः नेपालमा पाँच बच्चाहरूको साथमा हारतीलाई देखाउने गरिएको हो । यही धारणासँग मिल्ने हारतीको प्राचीन मूर्ति पाटनको चपाल टोलमा देखिन्छ (वज्राचार्य, २०६६, पृ. २५) । स्वयम्भूको हालको मूर्ति वि.सं १८५६ पछि मात्र बनेको हो । नेपालमा बालाजु, स्वयम्भू र पाटनको चपाल टोलको मूर्तिलाई इतिहासकारहरूले प्राचीन मूर्तिको रूपमा लिने गरेका छन् ।

रणबहादुर शाहले आफ्नी प्रिय रानी कान्तीवतीको मृत्यु भएपछि रिसाएर स्वयम्भूको हारतीको मूर्ति हतियार प्रयोग गरी घात गरे । मूर्तिलाई मूर्दाझैँ चार जनालाई बोकाएर करबीर मसानमा फाल्न लगाएका थिए । देवमाला वंशावलीमा उल्लेख भएअनुसार मूर्ति बिगारेको बेला हारतीको ढुङ्गाको मूर्ति पनि चुँइचुँइ कराएको थियो (योगी, २०१८, पृ. ६७-६८) ।

राजा रणबहादुर शाहले हारतीको मूर्ति मात्र बिगारेनन् शान्तिपुरमा समेत प्रवेश गरेर बिगार्न खोजे । त्यस बखतबाट राजाले आँखा देख्न छाडे । ज्योतिषीहरूलाई देखाउँदा हारती अजिमाको दोष लागेको र पुनः पहिला जस्तै विधिविधान गरी मूर्ति निर्माण गरे आँखा देख्नसक्ने हुने बताए । त्यसपछि उनले हारतीको मूर्ति स्थापना गरेका थिए (वज्राचार्य, २०६६, पृ. २७) । स्वयम्भूको हारतीसम्बन्धी असङ्ख्य गीत, भजन, धारणीहरू प्रचलनमा छन् । यो तथ्यका आधारमा स्वयम्भूमा अहिलेकै जस्तै मूर्ति भएको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ ।

## स्वयम्भू स्थित हारतीसँग सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदा

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्वीकृत भएको अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ मा अभौतिक सांस्कृतिक सम्पदा भन्नाले नेपालमा परम्परागत रूपमा बसोबास गर्दै आएका जातीय समुदायका एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै तथा अभ्यास भई आएका मौखिक परम्परा तथा अभिव्यक्ति, अभिनय तथा मञ्चन कला, सामाजिक व्यवहार, अनुष्ठान, जात्रापर्वहरु, प्रकृति एवं ब्रह्माण्ड सम्बन्धी ज्ञान, परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधि, परम्परागत खेल, खाद्य परिकारका सीप, पहिरन लगायत आभूषण सम्बन्धी ज्ञान, सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल, स्मरणमा रहेका तर अभ्यासमा नरहेका अमूर्त सांस्कृतिक सम्पदाका विधाहरु समेतलाई सम्झनुपर्दछ (नेपाल सरकार, २०८१, पृ. २-३) ।

अमूर्त सांस्कृतिक सम्पदा भन्नाले मौखिक परम्परा, किंवदन्ती, विश्वास, अभिव्यक्ति, रितिथिति, अनुष्ठान, जात्रापर्व, लोकगीत, नाच, अभिनय, सामाजिक व्यवहार, कला, वास्तुकला निर्माण, घरेलु वस्तु उत्पादन तथा बजाउन, नाच्न, बनाउन जान्ने ज्ञान, सीप आदिलाई बुझाउँछ । अमूर्त सांस्कृतिक परम्परा भौतिक रूपमा नदेखिने वा यसलाई छुन नमिल्ने हुँदा यसलाई अभौतिक संस्कृति पनि भनिन्छ (खनाल, २०८२, पृ. १०६) ।

स्वयम्भू स्थित हारती माता मन्दिर तथा यस क्षेत्रमा रहेका सम्पदासँग जोडिएका विभिन्न कथा, किंवदन्ती, विश्वास लगायत उत्सवपर्व आदि रहेका छन् ।

## स्वयम्भू स्थित हारतीसँग सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदाका विधिहरू

स्वयम्भू स्थित हारती माता मन्दिरमा दैनिक गरिने नित्य पूजा, विशेष तिथिपर्वमा गरिने नैमित्यिक पूजा लगायत विभिन्न उत्सवपर्व मनाउने परम्परा रहेको छ ।  छन् । यी पूजा तथा उत्सवपर्व विशेष विधिविधानका साथ सम्पन्न गरिने परम्परा रहदैं आएको छ । यसको विस्तृत चर्चा यहाँ गरिएको छ ।

### पूजा परम्परा

अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन गर्दा पूजा परम्परा, पूजा विधिको अध्ययन अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । हारती माताको मन्दिरमा नित्य पूजा, नैमित्तिक पूजा, भाकल पूजा, *बुसाधँ पूजा,* सम्यक् दान, गुठी परम्परा जस्ता विविध पूजा परम्परागत रूपमा सम्पन्न हुँदै आइरहेका छन् । यस मन्दिरमा स्वयम्भू परिसरमा बसोबास गर्ने बुद्धाचार्यहरूले मात्र पूजा गर्ने गर्दछन् । पहिले यहाँ मुख्य चार परिवार रहेका थिए । यिनिहरुको परिवार वृद्धि भई हाल तीस पुगेका छन् । यिनै मुख्य चार परिवारमध्ये पालो पर्ने परिवारले स्वयम्भू महाचैत्य र हारती माता मन्दिरको एक/एक महिना पालैपालो *द्यो:पाला*को भूमिका निर्वाह गर्ने परम्परा छ (व्यक्तिगत अन्तर्वार्ता, दीपक बुद्धाचार्य, *द्यो:पाला,* २०८२/५/१०) ।

हारती बुद्धको देशना श्रवण गरेपछि यक्षिणीबाट हारती मातामा परिणत भएकी हुन् । बुद्ध धर्ममा सारा जगत्‌को रक्षार्थको लागि हारती मातालाई विराजमान गराइएको जनविश्वास रहेको छ । यस अर्थमा बुद्ध हारती माताको गुरु भएकोले हारती माताको पूजा गर्नुभन्दा अगाडी स्वयम्भू चैत्यको पूजा गर्ने गर्दछन् । स्वयम्भू चैत्य र हारती माताको हरेक दिन चार पल्ट पूजा गर्ने परम्परा छ । सन्ध्याकालमा भने एक पल्ट आरति गर्ने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, दीपक बुद्धाचार्य, *द्यो:पाला,* २०८२/५/१०) ।

स्वयम्भूमा बुद्धाचार्यको आगम घर रहेको छ । यहाँ वर्षको दुई पटक दिशी पूजा तथा दशैं र तिहारमा तान्त्रिक विधिले पूजा हुने गर्दछन् । आगम घरमा गुह्य पूजा गर्ने भएकोले स्वयम्भूका बुद्धाचार्य परिवारहरूमध्ये दीक्षा लिएकाहरू मात्र भित्र प्रवेश गर्न पाउँदछन् (व्यक्तिगत अन्तर्वार्ता, दीपक बुद्धाचार्य, *द्यो:पाला* २०८२/५/१०)। स्वयम्भूमा बुद्धाचार्यहरू पालो बस्ने नरहेमा वा कुनै कारणवश कोही नभएमा बुङ्गमतीका पाञ्जुहरूले पूजा सम्पन्न गर्ने परम्परा छ । बुङ्गमतीमा पनि पूजा चलाउने कोही नभएमा स्वयम्भूका बुद्धाचार्यले गर्दछन् । ती दुई स्थान बीचमा वैवाहिक सम्बन्ध जोड्न निषेध गरिएको छ (वज्राचार्य, २०६६, पृ. ५०) ।

### नित्य पूजा

मन्दिरको सजीवता भनेकै दैनिक रूपमा गरिने नित्य पूजा हो । देवताको प्राणप्रतिष्ठा गरेका मन्दिर हरूमा प्रायजसो नित्य पूजा हुने गर्दछ । हारती माता मन्दिरको नित्य पूजा स्वयम्भू परिसरमा बसोवास गर्ने बुद्धाचार्यहरूले मात्रै पूजा गर्ने गर्दछन् । हारती माताको नित्य पूजा दिनमा पाँच पटक गरिन्छ । *द्यो:पाला*ले

पूजा गर्दा अन्य मानिसले छुन हुँदैन । गुरुजुहरूले महास्नान गराउँदा खाली खुट्टा सहित वस्त्र लगाउनु पर्दछ (व्यक्तिगत अन्तर्वार्ता, दीपक बुद्धाचार्य, *द्योःपाला,* २०८२/५/१०) ।

बुद्धाचार्य गुरुजुहरूले सबेरै ब्रह्ममुहुर्तमा सरसफाई गरी चोखो भई मन्दिरको ढोका खोल्दछन् । सर्वप्रथम अमिताभ बुद्धलाई स्नान गराएर देवता जगाउने परम्परा छ । त्यस पछि मात्र हारती माता मन्दिरभित्र बायाँपट्टि रहेको घण्ट बजाउँदछन् । स्नान गराई आरतिद्वारा देवता जगाउने कार्य हुन्छ । हारती मातालाई जगाउने बेलामा गुरुजुले *"ओं यतमंगलं पबर धर्म धरस्य निस्ते दयनी बितस्य समामकस्य सत्व प्रकारस्ये चतुर दस्य तत्मंगलं भवँतुते प्रणमाभिषेक"* को मन्त्र पढ्ने गर्दछन् (वज्राचार्य, २०६६, पृ. ४९) ।

हारती माता मन्दिरमा बिहान करिब आठ बजे *माझं* पूजा गर्ने गर्दछन् । पुजारीले चाँदीको थाल, कचौरा आदि प्रयोग गरी अक्षता, फूल, अबीर, *समय्बजी* राखी पूजा चढाउने परम्परा छ । पञ्चबुद्धको पूजाका निमित्त नैवेद्य अनिवार्य मानिन्छ (व्यक्तिगत अन्तर्वार्ता, दीपक बुद्धाचार्य, *द्योःपाला,* २०८२/५/१०) । प्रत्येक दिन स्वयम्भू महाचैत्य र हारती मातालाई भोजन चढाउने परम्परा छ । त्यस बेला भात अनिवार्य रूपमा चाहिन्छ । भातसँग पञ्चामृत, रोटी आदि राखेर चढाउने गर्दछन् । भोजन चढाउने काम पनि *द्योःपाला*ले गर्ने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, दीपक बुद्धाचार्य, *द्योःपाला,* २०८२/५/१०) । भोजन चढाउने प्रचलन ने.स. १०४० (वि.सं. १९७६) पौष कृष्ण नवमीदेखि प्रारम्भ भएको हो (वज्राचार्य, २०६६ ,पृ. ५०) ।

हारती माता मन्दिरको नित्य पूजामध्ये अर्को पूजा मध्याह्न १२ बजे र दिउँसोको करिब ३ बजे गरिने पूजा हो । मध्याह्न १२ बजे गरिने पूजालाई *बाह्नी* पूजा र दिउँसो गरिने पूजालाई स्वफो पूजा भनिन्छ । *द्योःपाला*ले बिहानको जस्तै गर्ने नित्य पूजा हो । प्रत्येक दिन साँझ स्वयम्भू महाचैत्य र हारती माताको मन्दिरमा सन्ध्या आरति पनि हुन्छ । आरतीको समयमा भक्तजनहरू बाहिर बसेर नामसंगीती पाठ गर्ने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, *द्योःपाला,* २०८०/०५/१७) ।

## नैमित्तिक पूजा

तिथि मिति र पर्व विशेष महत्त्वको कारणले हुने पूजालाई नैमित्तिक पूजा भनिन्छ । यस मन्दिरमा *अजिमा बुसाधँ, झ्याः बुसाधँ, तिसाविचा, मचा पूजा, म्ह्याय्मचा बुसाधँ* जस्ता नैमित्तिक पूजाहरू सम्पन्न गरिन्छ । हारती माता मन्दिरलाई प्रमुख मानेर उक्त पूजा तथा अनुष्ठान सम्पन्न गर्ने परम्परा छ (व्यक्तिगत अन्तर्वार्ता, दीपक बुद्धाचार्य, द्योःपाला, २०८२/५/१०) ।

## *बुसाधँ पूजा (अजिमा, झ्याल र तिसाविचा)*

*बुसाधँ* भनेको प्रतिस्थापन गरेको दिनको स्मरण गरेर मनाउने पर्व वा पूजा हो । सामान्यतः जसले स्थापना गरेको हो, तिनीहरूको परिवारबाट वा सामुदायिक वा गुठी सञ्चालन गरी गुठीयारहरूले *बुसाधँ* पूजा गर्ने परम्परा छ । हारती माताको मन्दिरमा अजिमा *बुसाधँ, झ्या बुसाधँ, तिसाविचा आदि बुसाधँ* पूजा गर्ने गर्दछन् ।

रणबहादुर शाहले स्वयम्भूको हारती माताको मूर्तिलाई क्षति गरिसकेपछि क्षमा मागी जनबहाका कंसाकारहरूले अर्को मूर्ति प्रतिस्थापना गरेका हुन् । त्यसैले हरेक बर्ष *अजिमा द्यो बिचा पूजा* भनि कंसाकारहरूले गर्दछन् । आषाढ शुक्ल पूर्णिमाको दिनमा *न्ही पूजा* गर्ने प्रचलन छ (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, *द्योःपाला,* २०८०/०५/१७) ।

हारती मन्दिरमा झ्याल राखेको दिनमा स्वयम्भूका बुद्धाचार्यहरूले हरेक वर्ष माघ कृष्णपक्षको अष्टमीको दिनमा *झ्याः बुसाधँ* गुठी मनाउँदै आइरहेको पाइन्छ । यही अवसरमा शाही थरका परिवारलाई भोजको निमन्त्रणा गर्ने गर्दछन् । हिजोआज भोज ग्रहण गर्न कोही पनि आउँदैनन् (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, *द्योःपाला,* २०८०/०५/१७) ।

नेपाल भाषा (नेवारी) मा *तिसा* भनेको गरगहना, आभूषण हो । *विचा*को अर्थ हेरविचार गर्नु भन्ने हुन्छ । *तिसाविचा* भनेको गरगहनालाई सरसफाई गरेर हेरविचार गर्नु भन्ने हो । भक्तजनहरूले चढाएका गरगहनाहरूको गणना गरी पुरानो अभिलेखसँग मेल गराइ रेखदेख गर्ने अनुष्ठानलाई *तिसाविचा* भनिन्छ । यसो गरेमा बहुमूल्य सामानहरू हराउने र चोरी हुने सम्भावना घट्ने विश्वास गर्दछन् । मन्दिरमा भक्तजनहरूले चढाएका कवच, गरगहनाहरू आदि सम्पूर्ण वस्तु भक्तजन आफै वा गुठीका सदस्यहरूले संरक्षण गर्ने गर्दछन् । धेरै वर्ष देखि *तिसाविचा* गर्न नआएका गहनाहरूलाई भने गुठी सस्थांनले आफ्नो स्वामित्वमा लिने गरेको पाइएको छ (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, *द्योःपाला,* २०८२/०५/१७) ।

### *मचा पूजा*

भाद्र शुक्लपक्ष द्वादशीको दिनमा काठमाडौंस्थित नरदेवी स्थानका तुलाधरको परिवारद्वारा मचा पूजा गर्दछन् । स्वयम्भूका इहि वा चूडाकर्म नगरेका गुरुजुका बालबच्चा लगायत आफन्तहरूका बालबालिकालाई स्वयम्भू स्थित हारती माता मन्दिरको प्राङ्गणमा राखेर पूजा गर्ने विशेष अनुष्ठान मचा पूजा हो । पूजा सम्पन्न भएपछि सहभागी बच्चाहरूलाई *समय्बजी सहित* दान दक्षिणा दिइन्छ (व्यक्तिगत अन्तर्वार्ता, दीपक बुद्धाचार्य, *द्योःपाला,* २०८२/५/१०) ।

### *म्ह्याय्मचा बुसाधँ*

काठमाडौंको जनबहाल केलटोलका बासिन्दाहरूको *कसाः* गुठीबाट माघको श्रीपञ्चममीको दिनमा हारतीलाई *म्ह्याय्मचा* वा छोरीको रूपमा पूजा गर्दछन् । यो अनुष्ठानलाई *म्ह्याय्मचा बुसाधँ* पनि भनिन्छ । यस समयमा हारतीलाई चढाउन ल्याएको सम्पूर्ण भागमा उक्त गुठीको हक लाग्दछ (व्यक्तिगत अन्तर्वार्ता, अमिर बुद्धाचार्य, *द्योःपाला* २०८२/०६/११) । यो अनुष्ठानिक पूजा सकिएपछि स्वयम्भूको हारती पालोवालाले हारतीको प्रसाद स्वरूप *कोखा* (रातो कपडाको माला), फलफूल लिएर भोज खाने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, *द्योःपाला,* २०८२/०५/१७) ।

### *छ्वाहायूके पूजा*

स्वयम्भु पुराणमा उल्लेख भएअनुसार हारती माता बुद्धको उपदेश सुनेर बुद्ध धर्मका संरक्षक बनिसके पछि बुद्धले उनका ५०० जना सन्तानलाई भोजनको व्यवस्थाको लागि *छ्वाहायूके* पूजा परम्परा प्रारम्भ गरेको जनविश्वास पाइन्छ । मानिसहरुमा विभिन्न समस्या आइपरेको बेला आफ्नो मनोकांक्षा पूरा होस् भनेर हारती मातालाई *छ्वाहायूके* पूजा गर्ने भाकल राख्ने गर्दछन् । मनोकामना पुरा भए पछि समयानुकुल पारी हारती मातालाई *छ्वाहायूके* पूजा गर्ने परम्परा छ (व्यक्तिगत अन्तर्वार्ता, बद्री कृष्ण मानन्धर, स्थानीय, २०८२/०६/०३) ।

हारती माता मन्दिरमा गरिने विभिन्न अनुष्ठानमध्ये *छ्वाहायूके* पूजा सबैभन्दा लोकप्रिय पूजा हो । यो पूजा गर्नेहको सङ्ख्या धेरै हुन्छ । पहिले नै नाम लेखाएर टिकट लिनु पर्दछ । यस *छ्वाहायूके* पूजा स्वयम्भूका बुद्धाचार्य गुरुजुहरुले गर्दैनन् । बाहिरका बज्राचार्य गुरुजुहरुले सम्पन्न गर्ने परम्परा छ । *छ्वाहायूके* पूजा गर्न आउने भक्तजनको सङ्ख्या धेरै भएको दिनमा एकै जना गुर्जुले मात्र गर्न सम्भव नहुने भएकोले अर्को गुर्जुले पालो फेर्ने गर्दछन् (व्यक्तिगत अन्तर्वाता अमिर बुद्धाचार्य, *द्यो:पाला,* २०८२/०६/११) । *छ्वाहायूके पूजा* भाकल गर्ने व्यक्ति आउन नसक्ने अवस्था भएमा परिवारजनले भएता पनि ती व्यक्तिको नाममा पूजा गरिदिने परम्परा छ । पूजा सम्पन्न गर्न करिब दुई घण्टा जति समय लाग्दछ । पूजा गर्ने भक्तजनहरू धेरै भएको बेला बिहानदेखि नै पूजा प्रारम्भ गर्दछन् । पूजामा सहभागी हुनको लागि पालो आएको परिवारहरू पूजा सम्पन्न नहुँदासम्म खाली पेट बस्नु पर्दछ । *छ्वाहायूके* पूजामा चाहिने पूजा सामग्रीहरू जजमानले पैसा तिरेमा उपलब्ध गराइदिन्छन् । जजमानहरूले आफ्नो घरबाट फूल, चामल, फलफूल जस्ता पूजा सामग्री स्वेच्छाले लैजाने परम्परा छ (व्यक्तिगत अन्तर्वाता, अमिर बुद्धाचार्य, *द्यो:पाला,* २०८२/०६/११) ।

हारती माता मन्दिरको मूल प्रवेशद्वारको ठीक अगाडि एउटा मण्डल रहेको छ । यही मण्डलमा हारती माताका बाँकी सन्तान उपस्थिति हुन्छन् । *छ्वाहायूके* पूजा विधिमा यहि मण्डलमा हारती माताका सन्तानहरूलाई विभिन्न प्रकारका परिकार राखेर जजमानलाई रक्सी वा छ्याङ वा दूधको धाराले तर्पण गर्न लगाउँछ । पूजा गर्नको लागि *बौ भेग* (बलि भाँडो), आंखोरा (मद्य राख्ने भाँडो), सुकुन्दा (गणेशको मूर्ति सहितको बत्ति बाल्ने दियो), *धौ: पति* (दहि राख्ने भाँडो), हारती पिण्ड, *क्वत:* (एक प्रकारको पूजा राख्ने भाँडो) आदि राखिएका हुन्छन् ।

### *छ्वाहायूके* पूजा विधि

*छ्वाहायूके* पूजा गर्ने बेला हारती मातातर्फ उत्तर फर्केर मण्डलको अगाडि गुरुजु बस्दछन् । भाकल गर्ने व्यक्ति भने गुरुजुको दायाँपट्टि बस्नु पर्दछ । यो पूजा बज्रयानी परम्पराअनुसार गरिन्छ । पूजाको प्रारम्भमा सबैभन्दा पहिले सूर्यलाई साक्षी राखेर संकल्प गर्दछन् । त्यसपछि विभिन्न पाठ तथा मन्त्रोच्चारण गर्दै हारती मातालाई आह्वान गरी कलशमा सोधन गर्ने परम्परा छ । त्यसबेला बज्र, घण्ट र शङ्खको पनि पूजा गर्दछन् । पूजाको क्रममा गुरुमण्डल पूजा गरी *सिन्ह पूजा, मोहनी फयेगु* (कालो टीका बनाउने) का साथै मन्दिर भित्रको हारती माता र उनका पाँच सन्तानलाई स्नान गराउँदछन् । त्यसपछि निधारमा अबिर लगाइ दृष्टि खुलाउनको

लागि चाँदीले बनेको आँखा लगाइ दिने परम्परा छ (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, ध्योःपाला, २०८२/०५/१७) ।

दृष्टि खुलाएपछि *थापी स्वनेगु* (पूजा सामग्री सोधन गर्ने) भनेर मासु, *ख्याए* (दहि र तोरीको तेलको मिश्रण), सुकेको माछा, *समय् खोला,* रक्सी राखी त्यसलाई पनि पूजा गर्दछन् । पहिला यो पूजा मन्दिरभित्र नै गरिन्थ्यो । अहिले भने पूजा गर्ने गुरुजुको बायाँ पट्टिको पित्तलको बाकसमा सोधन गर्ने गर्दछन् । *छाहायूके* गर्ने घैंटो र *आंखोराह*रू पनि यसै बाकसको छेउमा नै सोधन गरिएको हुन्छ । त्यस पछि सुकुन्दा, *धौःपति,* हारती पिण्ड आदि पूजा थालीमा राखी मन्दिर भित्र लग्दछन् । यस पश्चात् जजमानहरूले *बौभ्यगः*मा सुरा चढाउने कार्य गरिन्छ । *बौभ्यगः*मा भात, *छ्यावि,* कालो भटमास, अदुवा, लसुन, बेसार, ज्वानो, मेथि, हाँसको अण्डा, *बौस्वां* (बलिमा चढाइने एक किसिमको फूल), ध्वजा, *चुचुमिचा* (राँगाको मासुको हरेक भाग) राख्ने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, *ध्योःपाला,* २०८२/०५/१७) ।

*छाहायूके* गर्दा गुरुजुले स्तोत्र पढी जजमानहरूमध्ये दुई जना पुरुष अथवा दुई जना महिलाले मन्दिर बाहिरको मण्डलमा राखिएको बलिमा रक्सी वा छ्याङ वा दूधको धाराले तर्पण गर्न लगाउँछन् । तर्पण दिँदा अनिवार्य रूपमा दुईजना पुरुष वा दुईजना महिला हुनुपर्ने प्रचलन रहेको छ । त्यसपछि मन्दिरको बाहिर रहेको चार कुनामा रहेको मण्डलमा *चाकः पूजा* गर्दछन् । अन्तिममा हारती माताको दर्शन गरी गुरुजु र गुरुमा बाट टीका, फूल, प्रसाद ग्रहण गरी पूजा समापन हुन्छ (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, *ध्योःपाला,* २०८२/०५/१७) ।

### चा पूजा

नेपाल भाषामा *चा* भनेको रात्री हो । त्यस अर्थमा *चा पूजा* भन्नाले रातमा गरिने पूजा भन्ने हुन्छ । *चा* पूजा सन्ध्या आरति सकेपछि मात्र गर्ने गर्दछन् । *चा पूजा* भनेको जजमानहरूको मनोकामना पूरा होस् भनेर वा मनोकामना पूरा भइसकेपछि शुद्ध चित्तले परिवारको सुस्वास्थ, कार्य सफल, धन धान्यले सम्पन्न होस् भन्ने कामनाको लागि गुरुजु सँगै मन्दिरभित्र हारती माताको अगाडि नै बसेर सम्पन्न गरिन्छ । यो *छाहायूके* पूजा जस्तो लामो हुँदैन । यस पूजामा गुरुजु हारती माताको बायाँ (पश्चिम फर्केर) बस्दछन् । जजमान भने हारती माता तिर फर्केर बस्नुपर्ने परम्परा छ । गुरुजुले हारती माताको अगाडि गुरुमण्डल बनाई विधि पूर्वक पूजा अगाडि बढाउँछन् । यस पूजामा चाहिने सामग्रीहरू सबै त्यही उपलब्ध गराउने चलन पनि रहेको छ । हारती माताको हरेक पूजामा छ वटा भाग छुट्याइन्छ । यसमा *छाहायूके* पूजामा जस्तो बलि राख्नु पर्दैन (व्यक्तिगत अन्तर्वार्ता, दीपक बुद्धाचार्य, *ध्योःपाला,* २०८२/०५/१०) ।

### *कलः पूजा*

कलः भनेको पूजा सामग्री राख्ने एक प्रकारको भाँडो हो, जुन भाँडो तामा, बाँस बाट बनाइएको हुन्छ । हारती माताको मन्दिरमा हुने विभिन्न पूजाहरू मध्ये अर्को एउटा *कलः पूजा* हो । यो पनि भाकल पूजाको रूपमा सम्पन्न गरिन्छ । यसमा पनि भक्तजनहरूले आफ्ना विभिन्न किसिमका मनोकाङ्क्षा राखी पूरा होस् भनी भाकल

राख्ने गर्दछन् । प्रारम्भमा बालबच्चा बिरामी भएमा घरबाट नै हारती माताको लागि *कलः* छुट्याउँने र पछि पूजा गर्न जाने वा कसैलाई पठाउने प्रचलन थियो । तर आजभोलि नमिलेको काम छिट्टै मिलोस्, विदेश जान मिलोस्, सन्तान नभएकाहरूको सन्तान प्राप्तिको लागि जस्ता विभिन्न कामनाहरूको लागि पनि *कलः* पूजा जाने भनेर छुट्याइन्छ ।

कलः पूजा गर्न जसको नाममा *कलः* छुट्याइएको हुन्छ ती व्यक्ति नै गएर पूजा गर्नु पर्ने अनिवार्यता छैन । यो मन्दिरका *द्योःपाला*ले गर्ने भएकोले परिवारका सदस्य वा अन्य कोही व्यक्ति भए तापनि ती व्यक्तिको नाममा पूजा गराउने प्रचलन छ । पूजा कसको नाममा र कुन उद्देश्यले गर्न लागेको हो त्यो *द्योःपाला*लाई भन्नुपर्ने हुन्छ । यसको निमित्त कुनै विशेष समय कुर्नु पर्दैन । पूजाको नाम नै *कलः* पूजा रहेकोले पूजा सामग्री पनि *कलचाः* मा राखेर लानु पर्दछ । भक्तजनहरूले केही कामको प्रारम्भ गर्न लागेको होस् वा बिरामी भएको छ भने चाँडै निकोहोस् भन्ने कामना राखेर *किस्ली* ढोगेर आफ्नो घरको मन्दिरमा सुरक्षित साथ राख्ने चलन पनि रहेको छ । कामना पूरा भइसकेपछि त्यहि *किस्ली कलः*मा राखेर हारती मातालाई चढाएर पूजा गर्ने गर्दछन् (व्यक्तिगत अन्तर्वाता, अमिर बुद्धाचार्य, *द्योःपाला,* २०८२/०६/११) ।

## त्वाय् चिंकेगु

नेपाल भाषामा *त्वाय् चिंकेगु* भनेको मित लगाउने हो । यहाँ हारती माताका पाँच जना बच्चाहरूमध्ये कुनै एक बच्चासँग मानिसहरूले आफ्नो बच्चाको मित लगाउने गर्दछन् । यो प्रचलन पहिलादेखि नै चल्दै आएको परम्परा हो । बच्चाहरू धेरै बिरामी भइरहने, तर्सिने, समय समयमा झसङ्ग हुने, होस् गुमाएको जस्तो हुने आदि विभिन्न कारणले बच्चाहरूमा समस्या आइराख्ने भयो भने हारती माताको बच्चाहरूसँग मित लगाउने गर्दछन् । विशेषगरी १२ वर्ष भन्दा मुनिका बच्चाहरूलाई मात्र मित लगाउने चलन रही आएको छ । यसरी मित लगाउदा हारती माताले आफ्नो सन्तानलाई जस्तै अन्य बच्चाहरूको पनि रक्षा गर्ने विश्वास गरिन्छ ।

*त्वाय् चिंकेगु* पूजा गर्न भक्तजन आफैँले वा स्वयम्भूको गुरुजुहरूलाई पूजाको बन्दोबस्त गरिदिनु हुन आग्रह गर्न सकिन्छ । यदि केटा बच्चा हो भने धनभाजु, वासींभाजु, जिलंभाजु मध्ये कुनै एक जनासँग मित लगाउने गर्दछन् । केटी बच्चा हो भने धनमय्जु, वासींमय्जु मध्ये कुनै एक जनासँग मित लगाइन्छ । धेरै जसो धनभाजुसँग मित लगाउने गर्दछन् । जुन बच्चालाई मित लगाउने हो, त्यस बच्चालाई पनि हारती माताको मन्दिरभित्र मूर्ति अगाडि राखेर पूजा गर्नु पर्दछ । पूजा सकेपछि हारती माताको बच्चालाई गुरुजुले माछा र अण्डा सगुन चढाउँछन् । त्यसपछि बच्चालाई पनि सगुन दिन्छन् (व्यक्तिगत अन्तर्वार्ता, बद्री कृष्ण मानन्धर, स्थानीय, २०८२/०६/०३) ।

धनभाजुलाई जे-जे पूजा सामग्री चढाइन्छ त्यो बाहेक अन्य आवश्यक सामग्री भनेको दुई जोडा भोटो र दुई वटा *तायः बुटी* (जन्तर) र भोजन चाहिन्छ । तीमध्ये एक एक वटा हारती माताको बच्चालाई र बाँकी एक एक वटा चाहि मित लगाउने बच्चालाई लगाई दिन्छन् । भोजन चाहीँ हारती मातालाई चढाउँछन् । *तायः* बुटीमा औषधि पनि लगाइदिने गरेको देखिन्छ । मित लगाइ सकेपछि बच्चालाई चार दिनसम्म कुखुराको मासु,

अण्डा, जुठो बार्नुपर्ने नियमहरू पालन गर्नु पर्ने हुन्छ । वर्षमा दुईपल्ट (दशैंको बेला र *पाहाँचह्रे*मा) *त्वाय् कलः* भनि *कलः* पूजा जस्तै बच्चाको नाममा पूजा आउनु पर्दछ । फेरी कोही बच्चा ठुलो भइसकेपछि मित फुकाउने पनि चलन रहिआएको पाइन्छ । यस बेला गरिने पूजालाई *त्वाय् फनेगु* भन्दछन् । धेरैजसोले *त्वाय् फनेगु* पूजा बिहे गर्नु अगाडि गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, गङ्गाराम मानन्धर, स्थानीय, २०८२/०६/१७) ।

## कैद्यः पूजा

*कैद्यः पूजा* हारती माताका नाममा आफ्नै टोलको *छ्वासः* मा गई सम्पन्न गरिने अनुष्ठान हो । यसमा चामल, सिसफोसा (रातो सिन्दुरमा चामल, सानो केराउ, काटिएको मुला राखी चामलको टीका जस्तो बनाइएको) र धूप बत्ती बालि बच्चाहरूको खटिरा आदि निको होस् भनि कामना गरिन्छ । भाकल पूजा गर्नको लागि किसली ढोगेर आगमकोठा अथवा सुरक्षित ठाउँमा राख्ने गरिन्छ । *तः कै* अर्थात् बिफर निकै नै डर लाग्दो रोग हो । यदि यस्तो खटिरा आइहाले *कै वैद्य* कहाँ पनि लगिने गरेको देखिन्छ । पछि रोग निको भएमा मात्र हारती माता कहाँ सो किस्लीसहित कलः पूजा आउने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, बद्री कृष्ण मानन्धर, स्थानीय, २०८२/०६/०३) ।

## किसली पूजा

किसली पूजा भनेको भाकल गर्नु सरह नै मनोकामना पूरा गर्न आफूलाई विश्वास लाग्ने देवीदेवताको मन्दिरमा गएर सानो सँली (माटोबाट बनेको कचौरा) मा चामल, सुपारी र पैसा राखेर चढाउनु हो । यो विशेष गरी समस्या पर्ने बेला हारती मातालाई सम्झेर गरिने पूजा हो । समस्या परेका व्यक्तिलाई *किसली* ढोगाएर राख्ने र पछि हारती माताकोमा त्यो *किसली* चढाएर पूजा गरिदिने गर्दछन् । *किसली* पूजा स्वयम्भूका गुरुजुहरूलाई *किसली* चढाउनुको कारण सहित बताएर पूजा गर्ने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, बद्री कृष्ण मानन्धर, स्थानीय, २०८२/०६/०३) ।

## सम्यक् दान

बौद्ध धर्मअन्तर्गत बज्रायान सम्प्रदायमा छ प्रकारका पारमिताहरू रहेका छन् (बज्राचार्य, वि.सं. २०८०, पृ. ११६) । ती पारमिता मध्ये दान पारमिता सबैभन्दा महत्त्वपूर्ण पारमिता हो । नेपाल मण्डलका बौद्धधर्मावलम्वीहरूमा धर्म अभ्यासको रूपमा सम्यक् महादान ठूलो श्रद्धा र आस्थाका साथ सम्पन्न गर्ने परम्परा रहेको छ । काठमाडौँमा हरेक १२ वर्षमा एकपल्ट माघ १ गतेका दिन श्रीस्वयम्भू भगवान्, बौद्ध देवदेवी सहित बज्राचार्य, शाक्य भिक्षु, बुद्धाचार्य, चैलक भिक्षु, ब्रह्मचर्य भिक्षु लगायत सबैलाई निमन्त्रण गरी स्वयम्भू भुँइखेलमा सम्यक् महादान गर्ने गर्दछन् । यस अवसरमा राजालाई समेत प्रमुख अतिथिका रूपमा निमन्त्रण गरी उपस्थित गराइने प्रचलन रहेको थियो (शाक्य, २०६५, पृ. २१) ।

नेपाल एकीकरणको दौरानमा काठमाडौँ उपत्यकामा नाकाबन्दी हुँदा सम्यक् महादान गर्ने परम्परा बन्द हुन गयो । पछि स्थिति राम्रो भए पनि सम्यक्को दानपत्र पर्वते भाषामा लेख्नु पर्ने, भात दाल दान गर्न नहुने

जस्ता नियमले गर्दा सम्यक् महादानको परम्परा चालु हुन सकेन । पृथ्वीनारायण शाहले लगंबाहाः, इटुम्बहाः र वटुबहाःका सम्यक् गुठी परिवारलाई वि.सं. १८३१ मा रु. १६० जरिवाना गराई माथिका तीनैवटा गुठी मिलेर १२ वर्षमा एकपल्ट भुँइखेलमा सम्यक् महादान गर्नु पर्ने कबुल गराएका थिए (शाक्य, २०६५, पृ. २१) ।

पृथ्वीनारायण शाहको आक्रमण पूर्व हारती मातालाई सम्यक् दानमा सहभागी गरिन्थ्यो वा गरिँदैनथ्यो भन्ने कुरा कतैबाट जानकारी पाइँदैन । तर १२ वर्षको सम्यक् दानमा हारती माताको मूर्ति नै भुइँखेलमा लग्ने गरिन्छ । सम्यक्मा लगिने गरिएको हारतीको मूर्ति स्वयम्भूको हारतीको नापमा बनेको सुनको हारती कवच हाल स्वयम्भूको पुजारीसँग रहेको छ । त्यो निकै खिइसकेको छ । त्यस कवचको पादपीठमा संवत् ९८६ फागुण २ सुदि लेखिएको छ (वज्राचार्य, २०६६, पृ. २५) । हेर्दा निकै पुरानो देखिने उक्त कवच स्वयम्भूको हारती मूर्तिमा पूर्णिमाका दिनहरूमा अहिले पनि लगाइने गरिन्छ (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, *द्योःपाला,* २०८२/०६/०१) ।

सम्यक् पर्वको भोलिपल्ट *मिसा सम्यक्* पर्व मनाउँदा हारतीलाई सबैभन्दा अगाडि विराजमान गराई, ६ भाग राखेर मात्र अन्यलाई सम्यक् दान दिने गर्दछन् । हाल *मिसा सम्यक्*मा लगिने हारतीको मूर्तिको कवच ने.सं ९८६ फागुण २ को हो । तर सम्यक् प्रथा भने ने.सं. ६९० देखि चलेको देखिन्छ । पहिला-पहिला सम्यक् मनाउनेले सम्यक् पर्व सकिएपछि एउटा चिन्ह स्वरूप मूर्ति बनाएर राख्नुपर्ने चलन थियो (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, *द्योःपाला,* २०८२/०६/०१) ।

## हारती मातासँग सम्बन्धित गुठी

नेपालमा गुठीको लामो परम्परा रहेको छ । “गुठी” संस्कृत शब्द गोष्ठी बाट आएको हो र यसको शाब्दिक अर्थ मानिसहरूको भेला भन्ने हुन्छ (टण्डन, २०५२, पृ. १) । मूलतः गुठी भनेको सामाजिक संगठन हो । गुठीलाई परम्परागत सांस्कृतिक अभ्यासको रूपमा पनि लिन सकिन्छ । जग्गा वा रूपैयाँको आयस्ता वा ब्याजबाट गुठीयारहरूको रेखदेखमा नियत गरिएका कामहरू गुठी व्यवस्थाअन्तर्गत गरिन्छन् (टण्डन, २०५२, पृ. २) ।

नेवार समुदायमा धार्मिक भावनालाई प्रमुखता दिने, सामाजिक संरचनाहरू बनाउने र जोगाउने आदि परम्परागत अभ्यासमा गुठीलाई सदुपयोग गरेको पाइन्छ । स्वयम्भू स्थित हारती माताको मन्दिरसँग सम्बन्धित गुठीहरूले पनि धार्मिक, सामाजिक एवम् परोपकार कार्यहरू गर्दै आइरहेका छन् । विशेषगरी अमूर्त संस्कृतिलाई निरन्तर रूपमा अभ्यास गर्नको लागि यस मन्दिरसँग सम्बन्धित गुठीले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

## भुजा चढाउने गुठी

स्वयम्भूको हारती मन्दिरमा दिनको चारपल्ट पूजा र साँझ आरति हुन्छ । त्यसमध्ये *न्हिसुवा कलः* पूजा सकेपछि भुजा चढाउने काम हुन्छ । भुजा भनेर भात पकाएर भातसँग पाँच प्रकारको परिकार राखी चढाइन्छ ।

यसको प्रचलन वि.सं. १९७६, ने.सं. १०४० पौष कृष्ण नवमीदेखि प्रारम्भ भएको हो (वज्राचार्य, २०६६, पृ. ६१)। भुजा चढाउने भनेर वर्षको एकचोटी *स्वांया पुन्हि*को दिनमा पनि यो गुठी मनाउने चलन रहेको छ।

स्वयम्भूको सम्पूर्ण बुद्धाचार्य गुठियारहरूले पालै पालो गरी ६/६ महिनामा भुजा चढाउने गर्दछन्। श्रावण महिनाको १ गते पालो लिनेले पुषको ३० गते मसान्तसम्म दिनहुँ हारती र पञ्चबुद्धलाई भुजा चढाउनु पर्दछ। माघ १ गते पालो लिनेले असार मसान्तसम्म चढाउने गर्दछन्। भुजा चढाउँदा हारती र पञ्चबुद्धको लागि छुट्टाछुट्टै पूजा राखेर चढाउनु पर्छ (वज्राचार्य, २०६६, पृ. ६१)।

### *दँ पाः गुठी*

स्वयम्भूमा हाल ३० वटा बुद्धाचार्य परिवार बसोवास गर्दछन्। चारवटा परिवारबाट प्रारम्भ भएको परिवारमा दाजुभाइहरू छुट्टिँदै गएकाले परिवार सङ्ख्या बढेको हो (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, *द्योःपाला,* २०८२/०५/१७)। ती परिवारहरूमा हारतीमा पूजा गर्ने नियमित पालो आउने भए तापनि दुईवटा *कवल*मा एकवर्षको एकपटक आठ दिन बढि पालो आउने गर्दछ। यो क्रमलाई *गुल्या द्यःपाः* भनिन्छ (वज्राचार्य, २०६६, पृ. ६२)। प्रत्येक वर्ष विभिन्न पर्वहरूमा भोज खुवाउनु पर्ने, स्वयम्भूमा हुने हरेक क्रियाकलापहरूको सम्पूर्ण व्यवस्था गर्नु पर्ने पालो पनि उनीहरूलाई पर्दछ। जसलाई *दँ पाः* गुठी भन्ने गरिन्छ। ती *दँ पाः* गुठीको पालोवालालाई वर्षमा आवश्यक पर्ने सम्पूर्ण व्यवस्था मिलाउनको लागि आयस्ता स्वरूप हारती स्थानमा जसको पालो भए तापनि *दँपाःलाः*लाई वर्षको प्रत्येक पूर्णिमा, आश्विन पूर्णिमा पाँच दिन, कार्त्तिक पूर्णिमा दुई दिन स्वयम्भूको हारतीमा चढाउन ल्याएको पूजाको सम्पूर्ण भाग दिइने गरिन्छ (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, *द्योःपाला,* २०८२/०५/१७)। ती दिनहरूमा चढाइएको सामग्रीहरूमा *दँ पाःलाः*को हक लाग्दछ। यसरी सङकलन गरेको आयस्ताबाट वर्षको एकचोटि *दँ पाः* गुठी मनाइने गर्दछन्।

दशैंको घटस्थापनाको दिनमा वर्षको एक पल्ट *दँ पाः* को पालो फेरिन्छ। पालोवालाको पूजाको प्रारम्भ भने आश्विन पूर्णिमाबाट गर्दछन्। उक्त दिनमा नयाँ पालोवालालाई स्वयम्भूको थकालीले *कसाः गा* (रातो खास्टो) लगाइ दिने परम्परा छ। त्यो खास्टो पाँच दिनसम्म नफुकाली हारती कहाँ पालो बस्ने गर्दछन्। खास्टो लगाउन स्वयम्भूको अग्निपुरमा पूजा गर्ने गरिन्छ (वज्राचार्य, २०६६, पृ. ६३)। अशोज १ गते गाईलाई गहुँ खुवाउनु पर्ने, *मालखो दिसि* (पुष महिनाको दशमी) मा सम्पूर्ण बुद्धाचार्य परिवारलाई *समय्* भाग दिनुपर्ने, *बर्खा दिसी* (जुन राम नवमीको दिनमा पर्छ) मा पनि भाग दिन्छन्। वर्षको अन्त्यमा *नसा दे पूजा* भनेर पालोवालाको फुर्सदको समयमा भोज खुवाई समापन गर्ने गरिन्छ (व्यक्तिगत अन्तर्वार्ता, अशोक काजी बुद्धाचार्य, *द्योःपाला,* २०८२/०५/१७)।

### **हारती माता र** *द्यःमा*

हरेक प्राणीहरूको सुख दुःखमा साथ दिने, कल्याण गर्ने भएकीले पारिवारिक देवीको रूपमा पनि हारती मातालाई लिइएको हो। बौद्ध नेवार समुदायमा हरेक संस्कार र संस्कृतिका कार्यहरूमा हारतीलाई पनि पूजा गरिदैं आइरहेको देखिन्छ। विशेषतः महिलाको शरीरमा अदृश्य शक्तिको रूपमा हारती माता प्रवेश गरिसके पछिको अवस्थामा उक्त व्यक्तिलाई *द्यःमा* भन्ने गर्दछन्। हारती माताको जीवित रूप *द्यःमा* को शरीरभित्र प्रवेश गर्दछ

भन्ने मान्यता जनविश्वास रहेको पाइन्छ। हारती माताले समय अनुकुल महिलाको शरीरमा प्रवेश गर्ने र देवीको व्यवहार देखाउने गर्दछिन् भन्ने विश्वास गर्दछन्। हारती माता प्रवेश भएपछि कामीरहने, उफ्रने, बरबराइरहने जस्तो क्रियाकलाप गरेको पाइन्छ (व्यक्तिगत अन्तर्वार्ता, लक्ष्मी महर्जन, *द्यःमा,* २०८२/०५/०१)।

बौद्ध धर्मको रक्षा गर्न र सम्पूर्ण प्राणीको उद्धार गर्न हारती माता मानिसहरूको शरीरमा प्रवेश गर्दछिन् भन्ने कुरा बौद्ध समुदायको विश्वास रहेको पाइन्छ। मानिसहरूमा देवता प्रवेश गर्दा सधैँ हारती माता मात्र नभई उनका बच्चाहरू पनि प्रवेश गर्ने गर्दछन्। मानिसको स्वरूपमा प्रवेश गरेपछि सम्बन्धित व्यक्तिले प्रदर्शन गर्ने हाउभाउ, क्रियाकलापले नै हारती माता वा बच्चाहरू प्रवेश गरेको हो भनि छुट्याउन सकिन्छ। कतिपय मानिसहरूमा हारती माता वा उनका बच्चा प्रवेश गरे तापनि आफ्नो जीवन शैली परिवर्तन नगरी सरल ढङ्गमा नै जीवन बिताइरहने गरेको पनि पाइन्छ (व्यक्तिगत अन्तर्वार्ता, गङ्गाराम मानन्धर, स्थानीय, २०८२/०६/१७)।

हारतीको प्रवेश भएपछि सो व्यक्तिले साँचो, तथ्य कुरा बताउने र भविष्यवाणी पनि सत्य नै हुने गर्दछ भन्ने समाजमा मान्यता रहेको छ। साधारण मानिसहरूले भन्न नसकेको र गर्न नसकेको व्यवहारको कारणले गर्दा *द्यःमा* मा देउता प्रवेश भएको यकिन गर्दछन्। उक्त *द्यःमा* ले बिरामीहरूको उपचार गर्ने क्रम प्रारम्भ हुने गर्दछ।

सामान्यतः *द्यःमा*ले हातको मुद्राले इशारामा देखाउने गर्दछिन्। बिरामीहरूलाई कुचोले समस्याहरू झार्ने गर्दछिन्। उपचार गर्न आउनेहरू बोक्सी लागेका व्यक्तिहरू, मानसिक सन्तुलन गुमाएका व्यक्तिहरू, पक्षघात लागेका व्यक्तिहरू, नशालु पदार्थ छुटाउन नसकेका, राम्रोसित पढाइमा ध्यान दिन नसकेका व्यक्तिहरू देखिन्छन्। त्यस्तै व्यापार बढाउन झारफुक गराउनेहरू, लोग्ने-स्वास्नी झगडा मिलाउन, सन्तान नभएका, अमूल्य सामान हराएको पाउँछ कि पाउँदैन भनेर देखाउनेहरू, चोरेर लगेको वस्तु भेटिन्छ कि भेटिँदैन भनेर देखाउनेहरू पनि आएका देखिन्छन् (व्यक्तिगत अन्तर्वार्ता, लक्ष्मी महर्जन, *द्यःमा,* २०८२/०५/०१)।

*द्यःमा*ले भविष्यवाणी गर्ने, बिरामीलाई औषधिको रूपमा मन्त्र साधना गरेको अक्षतालाई मात्रा मिलाएर दिनको तीन पटक खुवाउने, फुकेर धूप दिने र उक्त धूपलाई दिनको तीनपल्ट घरमा बाल्न लगाउने, बिरामीलाई बिहान सबेरै नुहाउन लगाउने, पानीमा मन्त्र पढेर फुकेर दिएको जल औषधिको रूपमा तीन पल्ट खुवाउने, जन्तर लगाउने जस्ता विधि अपनाई उपचार गर्ने गर्दछिन्। *द्यःमा* ले उपचार गर्नुका साथै सामाजिक, मानसिक र व्यावहारिक सरसल्लाहहरू पनि दिने गर्दछन् (वज्राचार्य, २०६६, पृ. ६९)।

आफ्नो शरीरमा देउताले प्रवेश गरेपछि *द्यःमा*ले निकै नियमहरू पालना गर्नुपर्दछ। आसनमा बस्ने बेला खाना खानु हुँदैन, पूजा गर्ने, स्तोत्र पाठ गर्ने, समय-समयमा शक्ति साधना गर्न विभिन्न देवदेवीको मन्दिरमा गई पूजा गर्ने गर्दछन्। सम्पूर्ण बिरामीसँग भेट गरिसकेपछि मात्र भोजन गर्ने परम्परा छ।

उपत्यकामा *द्यःमाह*रू प्रशस्त देख्न सकिन्छन् । त्यसमध्ये महत्त्वपूर्ण र प्रख्यात *द्यःमा* स्वयम्भूको हो । स्वयम्भूकी *द्यःमा*ले अरू *द्यःमाह*रूलाई पनि आसन दिई *द्यः* स्थापित गर्ने भएकोले उनलाई अरू *द्यःमाह*रूको गुरुमाको रूपमा लिइन्छ । वर्षको एकपटक पूजा दिने गर्दछन् । उपत्यकाभित्रका अन्य *द्यःमाह*रूले स्वयम्भूको हारतीको मूर्तिमा अनिवार्य रूपमा *कलः पूजा* गर्न आउने परम्परा छ । आफू आउन नसके घर परिवारका कुनै पनि सदस्यलाई पठाउने गर्दछन् (वज्राचार्य, २०६६, पृ. ७२) ।

देउता चढ्दा हारती र हारतीका परिवार मात्र प्रवेश गर्ने नभई काठमाडौँ उपत्यकामा हनुमान् प्रवेश भएका, शिव प्रवेश भएका, दक्षिणकाली, विजयेश्वरी लगायतका देवता प्रवेश भएका हुन सक्दछन् । *द्यःमाह*रूले देवदेवीको आराधना, साधना गर्न सकेमा शरीरमा कुनै किसिमको बाधा अड्चन र कमजोरी महसुस नहुने विश्वास रहेको पाइन्छ (व्यक्तिगत अन्तर्वार्ता, गङ्गाराम मानन्धर, स्थानीय, २०८२/०६/१७) ।

## छलफल तथा निष्कर्ष

हारती माता बौद्ध धर्मावलम्बीहरूको एक संरक्षक देवी हुन् । उपत्यकामा बनेका हारतीका विभिन्न मन्दिरहरूमध्ये अत्यन्त महत्त्वपूर्ण र प्रचलित स्थान स्वयम्भूमा अवस्थित हारती माताको मन्दिर रहेको छ । यो मन्दिर एक महत्त्वपूर्ण धार्मिक स्थल मानिन्छ । यस मन्दिर हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुबीच धार्मिक सहिष्णुता, सामाजिक मेलमिलापको केन्द्रको रूपमा रहेको पाइन्छ । एउटै मन्दिरलाई हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूले पूजा गर्नु, विश्वास तथा आस्थाले विभिन्न अनुष्ठान गर्नुले पनि धार्मिक सहिष्णुताको अन्योन्याश्रित सम्बन्धलाई देखाउँदछ ।

नेपालमा हारती र शीतला दुवै एउटैमा समाहित भएकाले उपत्यकाका हिन्दू र बौद्ध नेवारहरूको देवीको रूपमा हारती रहेकी छिन् । हाल आएर हारतीलाई रक्षिका र बच्चाहरूको हेरविचार गर्ने देवीको रूपमा मात्र नभई सम्पूर्ण प्राणीको संरक्षिका, पारिवारिक देवीको रूपमा पूजा गरी प्रत्येक संस्कारका कार्यहरूमा सहभागी गराउँदै लगेको पाइन्छ ।

हारती माताको मन्दिरमा नित्य पूजा, नैमित्तिक पूजा, भाकल पूजा, *बुसाधँ पूजा,* सम्यक् दान, गुठी परम्परा जस्ता विविध पूजा परम्परागत रूपमा सम्पन्न हुँदै आइरहेका छन् । हारती माता मन्दिरमा हुने नित्यपूजा, चा पूजा, कलः पूजा, कैद्यःपूजा, त्वाय् चिंकेगु, छाहायेके पूजा, मचा पूजा, भुजा चढाउने गुठी, झ्या गुठी, दँ पाः गुठी, म्ह्याय्मचा बुसाधँ, अजिमा बुसाधँ जस्ता धार्मिक तथा सांस्कृतिक अनुष्ठानले विश्वास, परम्परा, संस्कृति, धार्मिक तथा सांस्कृतिक समन्वयलाई देखाउँदछ । यस मन्दिरमा स्वयम्भू परिसरमा बसोबास गर्ने बुद्धाचार्यहरूले मात्र पूजा गर्ने परम्परा छ ।

हारती यक्षिणीको प्रसंग साहित्यिक ग्रन्थहरूमा उल्लेख भइसकेपछि हारतीको प्रचार-प्रसार नेपालमा पनि भयो । विभिन्न पूजाहरू गर्दा हारतीलाई पनि पूजा गर्ने, विघ्नबाधाहरू पन्छाउन पनि हारतीको पूजा गर्ने परम्पराको विकास भएको हो । हारती रक्षिका देवीबाट अजिमा देवीमा परिणत भएकी देवी हुन् । हारतीको दार्शनिक पक्षलाई हेर्दा कुनै पनि खराब वा नराम्रो तत्त्वलाई राम्रो र असल कार्यमा प्रयोग गर्न सकिन्छ भन्ने

देखिन्छ । हारतीको पूजाले सम्पूर्ण कष्टहरू नष्ट भएर सहकाल, शान्ति, उमंग, खुशी मिल्दछ भन्ने महत्त्वपूर्ण धार्मिक विश्वास रहेको पाइन्छ । यसै कारण प्रत्येक संस्कारगत कार्य र सांस्कृतिक कार्यमा हारतीलाई सम्मान तथा आदरका साथ पूजोपासना गर्ने प्रचलन रही वर्तमान समयमा यिनको महिमा तथा महत्त्व अझै बढ्दै गइरहेको पाइन्छ ।

## सन्दर्भसामग्री


खनाल, मोहनप्रसाद, (वि.सं. २०७४), *नेपाली मूर्तिकला (प्रारम्भदेखि उत्तर-मध्य-कालसम्म),* विद्यार्थी पुस्तक भण्डार ।

खनाल, सन्ध्या, (वि.सं. २०८२), *मैतीदेवी मन्दिर क्षेत्रका सांस्कृतिक सम्पदा (मूर्त र अमूर्त),* रुक्मणिराज सिवाकोटी स्मारक कोष ।

टण्डन, गोविन्द, (वि.सं. २०५२), *नेपालमा गुठीव्यवस्था,* नेपाल अध्ययन समूह ।

नेपाल सरकार, (वि.सं.२०८१) अभौतिक साँस्कृतिक सम्पदा (सूचीकरण र व्यवस्थापन) कार्यविधि २०८१, नेपाल संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

प्रधान, भुवनलाल, (वि.सं. २०६८), *स्वयम्भू (सङ्क्षिप्त परिचय),* तीर्थनारायण-नारायणदेवी लुमन्ति जः ।

बज्राचार्य, नरेश मान, (वि.सं. २०८०), *महायान,* दिलहेरा ताम्राकार ।

बाङ्गदेल, लैनसिंह, (वि.सं. २०३९), *प्राचीन नेपाली मूर्तिकलाको इतिहास,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बुद्धाचार्य, बाबुराजा, (वि.सं. २०८०), *श्री गुँला बाजं हारतीमाता व नखः हनेबले साईत स्वयूस्वा (गुंला बाजा, हारती माता र पर्व मनाउने बेला साइत हेर्नुपर्दैन),* श्री हारती माँ छापाखाना ।

योगी, नरहरिनाथ, (वि.सं. २०१८), *देवमाला वंशावली,* श्रीपिरमहन्त क्षिप्रानाथ योगीराज ।

वज्राचार्य, जुद्धरत्न, (वि.सं. २०५८), *श्री हारीति मांया संक्षिप्त परिचय (हारती माताको संक्षिप्त परिचय),* सुनकेशरी वज्राचार्य ।

वज्राचार्य, वज्रमुनि, (वि.सं. २०६६), *हारती माता,* हारती इन्टरनेशनल ।

शाक्य, तीर्थरत्न, (वि.सं. २०६५), *नेपाल मण्डलका बौद्धहरुको धार्मिक अभ्यास र जीवन शैली,* बुद्धधर्म अध्ययन गोष्ठी ।

शाक्य, हेमराज, (ने.सं. १०९८), *श्रीस्वयम्भू महाचैत्य,* स्वयम्भू विकास मण्डल ।

Josephson, R. (1985). *Swoyambu*. Satya Ho' Book Publications.

Tuladhar, S. D. (2064 BS). Harati Ajima. *Matina (Vol. 2, Issue 4)*. Pp. 40-42.